
# मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना

## Monsoon Preparedness And Response Plan (MPRP)

## २०८२




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

प्रमुख जिल्ला अधिकारी

## जिल्ला विपद् व्यवस्थापन समिति, डोटी

**DISTRICT DISASTER MANAGEMENT COMMITTEE, DOTI**

## विषय सूची


| क.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभूमि | १-४ |
| १.१ | नेपालमा विपद् जोखिम | १ |
| १.२ | डोटी जिल्लाको परिचय | १-३ |
| १.३ | डोटी जिल्लामा विपद् जोखिम | ३ |
| १.४ | डोटी जिल्लाको पालिकागत जनसांख्यिक विवरण | ४ |
| २ | मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको उद्देश्य | ५-८ |
| २.१ | समष्टिगत उद्देश्य | ५ |
| २.२ | निर्दिष्ट उद्देश्य | ५ |
| २.३ | कार्ययोजनाको आवश्यकता तथा महत्व | ६ |
| २.४ | कार्ययोजनाकार्यान्वियनको सिमा | ६ |
| २.५ | अपेक्षित नतिजा | ७ |
| २.६ | निर्देशक सिद्धान्त | ७ |
| ३ | विपद् जोखिमको अवस्था | ८-१० |
| ३.१ | विगतका विपद्हरूको विश्लेषण | ८ |
| ३.२ | पालिकागतरूपमा मनसुनजन्य विपद्बाट उच्च प्रभावित हुनसक्ने क्षेत्र, घरधुरी र जनसंख्या | ८-१० |
| ४ | मनसुन पूर्वतयारी तथा प्रतिकार्ययोजना | ११-१५ |
| ५ | सन्दर्भ सामाग्री | १६ |
| ६ | अनुसूचीहरू | १७-३० |


प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, डोटी- २०८२

(जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८२।०३।०२ को निर्णयानुसार स्वीकृत)

## १. पृष्ठभूमि

### १.१ नेपालमा विपद् जोखिम

विषम भौगोलिक बनोट, भौगर्भिक असुन्तलन, आकस्मिक रुपमा उत्पन्न हुने महामारीहरू, जलवायु परिवर्तनको प्रभाव, उच्च गरिबी, अव्यवस्थित शहरीकरण र प्रकोप जोखिमलाई ध्यान नदिई गरिने गतिविधिहरू एवं विकास निर्माणका कार्यहरूले गर्दा नेपाल बिभिन्न प्राकृतिक र गैरप्राकृतिक प्रकोपहरूबाट सिर्जित विपद्को उच्च जोखिममा रहेको छ। जलवायु परिवर्तनका कारणमौसमजन्य प्रकोपहरूको प्रकृति, परिमाण र प्रबृत्ति पनि फरक हुँदै जाँदा विपद् व्यवस्थापनमा नयाँ चुनौतीहरू थपिँदै गएका छन्। नेपालको भूबनौटका कारण बाढी, पहिरो लगायतका मनसुनजन्य विपद्का घटनाबाट वर्षेनी ठूलो मानवीय तथा भौतिक क्षति व्यहोर्नुपरेको अवस्था विद्यमान छ।

मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धन सम्पत्ति र आधारभुत पूर्वाधारहरूमा हानी नोक्सानी कम गर्नका साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यलाई मजबुत बनाउन जरुरी छ।

प्रभावकारी विपद् पूर्वतयारीले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्छ र समुदायहरूलाई विपद् उत्थानशील बनाउन मद्दत पुऱ्याउँदछ। यसका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सम्पूर्ण सरोकारवाला निकायहरूको जिम्मेवारी प्रष्ट किटान गरी उनीहरूको क्षमता वृद्धि र स्रोत साधनको उपलब्धता सुनिश्चित गर्नु पर्दछ ।

### १.२ डोटी जिल्लाको परिचय

प्रसिद्ध ऐतिहासिक गौडाको रुपमा रहेको डोटी जिल्ला सुदूरपश्चिम प्रदेशमा अवस्थित तथा साविकको सुदूरपश्चिम विकास क्षेत्रको सदरमुकाम पनि हो । यातायातको दृष्टिले डोटी सुगम मानिए तापनि आर्थिक सामाजिक आयामबाट हेर्दा डोटी एक दुर्गम पहाडी जिल्ला हो, जहाँ गरीबी, अशिक्षा व्याप्त छ । साधारण रोजगारीका लागि थुप्रै मानिसहरू प्रत्येक वर्ष भारतका बिभिन्न शहरमा जाने गर्छन । कृषि नै मुख्य पेशा भएका यहाँका स्थानीय बासिन्दाहरूलाई आफ्नो उत्पादनले ५/६ महिना भन्दा बढी खान नपुग्ने बताइन्छ । लैङ्गिक हिसावले महिलाको अवस्था नाजुक नै छ । पोषणयुक्त खानाको अभाव, शिक्षाको कमी, बेरोजगारी, अन्धविश्वास र रुढीवाढी, दलित गैर दलितबीच विद्यमान जातीय विभेद, विकासमा पछौटेपन आदि जिल्लाका प्रमुख सामाजिक समस्याहरू क्रमश: न्यून हुँदै गएको भएतापनि आशातित सफलता प्राप्त हुन सकेको छैन ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

जिल्ला विश्व मानचित्रमा २८° २२' दखि २९° ५' उत्तरी अक्षांश र ८०°३०' देखि ८१° १८' पूर्वी देशान्तरको वीचमा यो जिल्ला रहेको छ । यस जिल्लाको पूर्वमा अछाम र वाजुरा, पश्चिममा डडेल्धुरा, उत्तरमा वझाङ र वैतडी तथा दक्षिणमा कैलाली जिल्ला रहेको छ ।

क्षेत्रफल : २०२५ वर्ग कि. मि

होचो सतह : ३३५ मि. कानाचौर, सेती नदीको किनार

अग्लो भाग : ३२९५ मि. खप्तड ईलाका

मुख्य नदी : सेतीनदी

सहायक नदी: ठूलीगाड, सानीगाड, कालागाड, समूहगाड, साईलीगाड, गोल्मागाड, ठूलाखोला, गोद्रेगाड, द्वारीगाड, टुनागाड, कापडीगाड, लुवाखाडी गाड आदि।

लेक : खप्तड, साकार, केदार,

वनजंङ्गल : ५९१०१ हेक्टर क्षेत्रफल

गौचरन : ७१११ हेक्टर

सिंचित क्षेत्र : ७७३८ हेक्टर

सिमसार क्षेत्र : १४९०९ हेक्टर

कृषि क्षेत्र : ४४८१२ हेक्टर

अन्य क्षेत्र : ४६८४ हेक्टर

**धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल:**

सिलगडीको शैलेश्वरी मन्दिर र राधाकृष्ण मन्दिर, माहादेवस्थान देहिमाण्डौको भगवती मन्दिर, दिपायलको कोट भैरब र दिल्पेश्वर मन्दिर, मुडेगाउको भागेश्वर र सालमुनी मन्दिर, डौडको अद्धाला, पशुपति मन्दिर मुडभरा, मालिका मन्दिर काडामाण्डौ, तथा पुराना दरवारहरू आदि । खप्तड राष्ट्रिय निकुन्जमा त्रिवेणी, सहस्त्रलिङ्ग,नागढुङ्गा, खप्तड दह, केदार ढुङ्गा, दाउत्रे, डांफेकोट, खप्तडबाबा आश्रम र ठूलाठूला पाटनहरू ।

**मुख्य मुख्य चाडपर्व:**

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

गौरापर्व, भुवापर्व, दशै, तिहार, होली, तीज, बिसु, माघीपर्व, ओल्के, गाईजात्रा, डोलजात्रा, ईन्द्र जात्रा, शिवरात्री लगायत बिभिन्न मठ मन्दिरमा लाग्ने जात्राहरू (शैलेश्वरी जाँत, देहीजात, केदारआखडा जात, गगनान मेला, अस्ट्राला मेला, खसड मेला आदि।

जलवायु:औसत वार्षिक वर्षा १३४७ मि.मि. तथा लेकाली तथा अर्धउष्ण हावापानी ।

## १.३ डोटी जिल्लामा विपद् जोखिम

यो जिल्ला वाढी,पहिरो,आगलागी,भूकम्प,चटयाङ्ग, जंगली जनावरको आतङ्कर सडक दुर्घटना जस्ता प्रकोपबाट उच्च संकटासन्न अवस्थामा रहेको छ । खास गरी वाढी र पहिरो जस्ता जलवायुजन्य प्रकोपको उच्च जोखिममा वर्षेनी रहदै आएको छ । यस प्रकारका प्रकोपजन्य घटनाका कारण गरिवीलाई झनै वढावा दिने मात्र होइन वातावरण सन्तुलन समेत खलवलिएको महशुस गरिएको छ । वाढी,पहिरो,आगलागी जस्ता प्रकोपका घटनाबाट वर्षेनी हजारौ मानिसले विपत्तिको दुख:द नियति भोग्नु परेको छ । तसर्थ प्राकृतिक श्रोत साधनको वैज्ञानिक एवं समुचित उपयोग र दीगो व्यवस्थापन गरी प्राकृतिक तथा मानवीय सम्पत्तिको संरक्षण गरी संभावित जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्व तयारी र प्रभावकारी प्रतिकार्य (Response) का लागि समय मै योजनावद्ध ढंगले लाग्न जरुरी छ । प्रकोप न्यूनीकरण गर्न र प्रकोप पछि शीघ्र पुनर्लाभका लागि विशुद्ध मानवीय सहायताको खाँचो हुने हुँदा सम्बद्ध सवै सरोकारवालाहरूको एकीकृत पहल र प्रयासबाट मात्र अपेक्षित उपलब्धि हासिल हुने भएकोले सो को लागि यो प्रतिकार्य योजना तयार गरिएको छ ।

यस जिल्लाको अधिकांश क्षेत्रहरू प्रकोपको हिसावले पहिरोको जोखिममा रहेको छ । कमजोर भू-बनौट, अनियोजित भू-उपयोग, वनजंङ्गल फडानी, भिरालो क्षेत्रमा ढुंगाहरू झिक्ने जस्ता विभिन्न कारणले पहिरोबाट यस क्षेत्रका वासिन्दाहरू जोखिमपूर्ण जीवन बाँचिरहेका छन् । प्राकृतिक कारणबाट पहिरो जाने गरे पनि न्यून चेतना तथा मानवीय क्रियाकलापले पनि विभिन्न खाले प्रकोपजन्य खतरा र जोखिम बृद्धि भइरहेको छ । प्रकोपबाट समाजमा वस्ने मानिसहरू पूर्ण रुपमा सुरक्षित छैनन्। सबै खाले प्रकोपलाई विश्लेषण गर्ने हो भने यसबाट सबैभन्दा बढी प्रभावित बालबालिका, महिला, गरिब, दलित, अपाङ्गता भएका व्यक्तिहरू नै छन् । विपद् एउटा अचानक हुने सङ्कटपूर्ण अवस्था हो । यो कतिवेला हुन्छ अनुमान गर्न सकिदैन, त्यसैले यसको सही पूर्वतयारी आवश्यक र चुनौतीपूर्ण छ । पूर्वतयारी प्रभावकारी रुपमा गर्न सकिए मानवीय, भौतिक र आर्थिक क्षतिलाई घटाउन वा न्यूनीकरण गर्न ठूलो मद्दत पुग्दछ।

## १.४डोटी जिल्लाको पालिकागत जनसांख्यिक विवरण

| क.स. | नगरपालिका र | घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या | जनसंख्या | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| | गाउँपालिकाको नाम | संख्या | | | | वृद्धिदर(%) | (%) |
|---|---|---|---|---|---|---|---|
| १ | दिपायल सिलगढी नगरपालिका | ८३८५ | १८४९९ | १५४६९ | ३३९६८ | ०.२९ | ७३.३१ |
| २ | शिखर नगरपालिका | ७०१६ | १७०८७ | १३३१२ | ३०३९९ | -०.४३ | ६९.०० |
| ३ | के. आई. सिंह गाउँपालिका | ४६८० | ११७४६ | ८९९० | २०७३६ | -०.०८ | ६९.४८ |
| ४ | बोगटान फुड्सिल गाउँपालिका | ३१६२ | ८२८१ | ७२५९ | १५५४० | -१.३६ | ७०.४१ |
| ५ | बडीकेदार गाउँपालिका | २९०५ | ७५२५ | ७३७७ | १४९०२ | -१.१० | ७६.११ |
| ६ | आदर्श गाउँपालिका | ५३१७ | १४०९५ | १०४०० | २४४९५ | ०.२२ | ६७.०२ |
| ७ | पूर्वीचौकी गाउँपालिका | ५१४८ | १२२५६ | ९२३८ | २१४९४ | -०.४३ | ६७.८९ |
| ८ | सायल गाउँपालिका | ४२०७ | ११२५० | ९२०६ | २०४५६ | ०.४३ | ६२.०७ |
| ९ | जोरायल गाउँपालिका | ४३२० | १००७० | ९७१८ | १९७८८ | -०.४९ | ७७.७८ |
| १० | संस्थागत | ४२ | ४१८ | २६३५ | ३०५३ | | ९९.४४ |
| | जम्मा (डोटी) | ४५१८२ | १११२२७ | ९३६०४ | २०४८३१ | -०.३२ | ७०.७४ |

श्रोतः राष्ट्रिय जनगणना २०७८ (तथ्याङ्क कार्यालय, डोटी)

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बोटी

## २.मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोना, २०८२ निर्माणको उद्देश्य

### २.१ समष्टिगत उद्देश्य

मनसुनजन्य विपद्का घटनाहरूबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्नका लागि जिल्लाको प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै प्रभावितहरूको शीघ्र उद्धार तथा अत्यावश्यक आधारभूत आवश्यकताहरूलाई समयमा नै प्रभावकारी एवं समन्वयात्मक रुपमा उपलब्ध गराउने कार्यको सुनिश्चितता गर्नु मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८२ को समष्टिगत उद्देश्य रहेकोछ ।

### २.२ निर्दिष्ट उद्देश्य

मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८२ का निर्दिष्ट उद्देश्यहरू यस प्रकार रहेका छन्:-

२.२.१ मनसुनजन्य विपद्बाट जोखिममा रहेका गाउँपालिकातथा नगरपालिकाका वडाहरुको संकटासन्नता विश्लेषण गरी स्थानिय श्रोत साधन र क्षमताको पहिचान गर्ने,

२.२.२ जिल्लामा क्रियाशील विभिन्न निकायहरूको पहिचान एवं तिनको क्षमताको विश्‍लेषण गरी मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि जिम्मेवारी निर्धारण गर्ने,

२.२.३ विगत वर्षका अनुभवबाट सिकाएको पाठ तथा समय समयमा भएका छलफलबाट प्राप्त सिफारिस समेतलाई ध्यानमा राखी हरेक स्थानीय तहमा आ-आफ्नो आकस्मिक कार्ययोजना तयार गर्न लगाउने,

२.२.४ विभिन्न क्षेत्रबाट निर्मित योजना कार्यान्वयन जिल्ला विपद व्यावस्थापन समितिको समष्टिगत समन्वयमा गर्ने,

२.२.५ श्रोत संकलन,विनियोजन तथा दीगो आर्थिक श्रोत व्यवस्थापनका लागि एकद्धार प्रणालीको विकास गर्ने,

२.२.६ प्रकोपबाट वढी प्रभावित हुन सक्ने दलित,महिला,अपाङ्ग,सुविधाबाट वञ्चित समूह,वालवालिका,वृद्धवृद्धा जस्ता अति संकटासन्न समूहका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्वन्धी विशेष कार्यक्रमको विकास गरी संचालन गर्ने,

२.२.७ विपद् पछि पुनर्लाभ तथा पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी तुल्याउने,

२.२.८ आपत्कालीन प्रतिकार्य एवं पूर्वतयारीको विकास र कार्यान्वयनका लागि जिल्लामा सञ्चालित आपत्कालीन कार्य संचालन केन्द्रको क्षमता वृद्धि गर्ने,

२.२.९ जिल्ला देखि स्थानीय तहसम्म खाद्यान्न, औषधी लगायत अन्य उद्धार सामाग्रीहरूको भण्डारणका लागि भण्डारण स्थलको पहिचान र सुदृढ गर्ने,

प्रमुख जिल्ला अधिकारी

२.२.१० आपत्कालीन परिस्थितिका साथै पूर्व तयारीका चरणमा प्रयोग गर्न सकिने पूर्वसूचना एवं संचार प्रणालीको विकास गर्ने,

२.२.११ विपद् प्रभावितहरूकालागि तत्काल आश्रय स्थलको पहिचान गर्ने,

२.२.१२ विपद्का संभावित जोखिमहरूको लेखाजोखा,पहिचान,अनुगमन र मौजुदा पूर्व चेतावनी प्रणाली सुदृढ गर्ने । मनसुन पूर्वका समयमा अन्तरनिकाय समन्वय प्रभावकारी गर्ने,

२.२.१३ गाउँपालिका र नगरपालिकामा गठन भएका स्थानीय विपद् व्यवस्थापन समितिमा तालिम प्राप्त जनशक्ति र खोज तथा उद्धार सामाग्रीको सूची तयार गर्ने,

## २.३ कार्ययोजनाको आवश्यकता तथा महत्व

मनसुनजन्य विपद्को जोखिममा रहेका समुदायहरू सामाजिक, आर्थिक तथा साङगठनिक रुपमा कमजोर हुन्छन् । खाद्य असुरक्षा, शौचालय, स्वास्थ्य तथा सरसफाइका सुविधाहरूको सीमितता, प्राकृतिक विपद्का कारण सुरक्षित वासस्थानको सही पहिचान तथा उपयुक्त व्यवस्थापन गर्न नसक्नु आदि विपद् प्रभावित समुदायहरूले सामना गर्ने मुख्य समस्याहरू हुन । यस्ता समस्याहरूलाई सम्वोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउनु अत्यन्त जरुरी छ । डोटी जिल्लामा मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने विभिन्न सरोकारवालाहरू वीच समन्वय गर्ने महत्वपूर्ण को औजारको रुपमा यो योजना रहनेछ ।

सम्भावित मनसुनजन्य विपद्को जोखिम कम गर्न तथा विपदको अवस्थामा प्रभावकारी मानवीय सहयोग एवं विपद्को अवस्थामा आइपर्ने समस्याहरूलाई समाधान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना आवश्यक पर्दछ । विशेष गरी मानवीय सहयोगको प्रत्याभूति गराउन विपद् जोखिम न्यूनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुँच पुऱ्याउन, सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, खानेपानी तथा सरसफाई एवं स्वास्थ्य प्रवर्द्धन गर्न यस योजनाले मार्ग निर्देश गर्नेछ। त्यसका साथै श्रोतको सही पहिचान तथा परिचालन गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्नेछ । यसै आवश्यकतालाई महशुस गर्दै यस जिल्लामा विपदबाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभाकारी बनाउन पूर्वतयारी दस्तावेजका रुपमा यो मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ तयार पारिएको हो ।

## २.४ कार्ययोजना कार्यान्वयनको सीमा

यो कार्ययोजना तर्जुमा गर्दा सहभागितामूलक प्रकृयाका माध्यमबाट गरिएको छ । यस प्रक्रियामा जिल्ला विपद् व्यावस्थापन समितिका सम्पूर्ण सदस्यहरू,जिल्लामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत राष्ट्रिय गैरसरकारी



प्रमुख जिल्ला अधिकारी

संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । तर कार्ययोजना कार्यान्वयनका केही सीमाहरू निम्न अनुसार छन्:-

- यस कार्ययोजना अन्तर्गत निर्धारण गरिएका कतिपय गतिविधिहरूको कार्यान्वयनका लागि बाहिरी श्रोतमा पनि भर पर्नु पर्ने अवस्था देखिन्छ । बाह्य श्रोत प्राप्त नभएमा कार्ययोजनाको कार्यान्वयनवाट अपेक्षित उपलव्धि प्राप्त नहुन सक्छ।
- जिल्लामा उपलब्ध सीमित स्रोत र साधनको माध्यमबाट विभिन्न प्रकोपहरूले गर्दा हुने क्षति न्यून गर्न तथा विपद्बाट प्रभावित परिवारहरूको आवश्यकतालाई सम्बोधन गर्न चुनौती रहेकोछ ।
- विपद्का कारण हुनसक्ने विद्युत, सञ्चार तथा यातायात विच्छेदले समयमै खोज तथा उद्धार कार्यमा चुनौती थपिन सक्नेछ।

२.५अपेक्षित नतिजा

डोटी जिल्लामा हुन सक्ने सवै प्रकारका मनसुनजन्य प्रकोपका घटना न्यूनीकरण, जोखिम व्यवस्थापनको पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका लागि तयार गरिएको प्रस्तुत कार्य योजना कार्यान्वयनबाट निम्न नतिजा हासिल हुने अपेक्षा गरिएको छ ।

- विपद्को समयमा मानवीय सहायतामा संलग्न हुने निकायहरूको पहिचान तथा भूमिका, विपद्का सम्वन्धमा जिल्लाको विगतको जानकारी, संकटासन्नको अवस्था तथा प्रकोप तथा जोखिम क्षेत्रको पहिचान/नक्शांकन हुनेछ ।
- विपद् व्यवस्थापनको आवश्यकताको पहिचान भै श्रोत साधनको यथोचित प्रबन्ध हुनेछ ।
- विपद् जोखिम न्यूनीकरणको अवधारणालाई विकास योजनाहरूमा मूल प्रवाहीकरण गर्न मद्दत पुग्नेछ ।
- सम्भावित जोखिम न्यूनीकरण गर्न मद्दत पुग्ने र प्रभावित परिवारले पुनर्लाभ प्राप्त गर्न सहज हुनेछ ।

२.६ निर्देशक सिद्धान्तहरू

- मनसुनजन्य विपद्मा परेका मानिसहरूको आत्मसम्मान सहित जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चितता गरिनेछ।
- आपतकालीन राहत तथा सहयोग मानवता,निष्पक्षता तथा तटस्थता बमोजिम (बिना कुनै भेदभाव) उपलब्ध गराइने छ ।
- मनसुनजन्य विपद् पूर्वतयारी, प्रतिकार्य खोज तथा उद्धार, राहत व्यवस्थापनका साथै अस्थायी आवास निर्माण र पुनर्निमार्णका कार्यहरूलाई प्राथमिकता दिइनेछ ।
- आपतकालीन राहत तथा सहयोग प्रदान गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा जोड दिनका साथै शारीरिक रुपमा अशक्त, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठनागरिक, गर्भवती तथा किशोरी, छाउपडी महिलाहरूको आवश्यकताहरूलाई विशेष प्राथमिकता दिइने छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

- आपतकालीन राहत तथा सहयोग प्रदान गर्दा पीडितको अवस्था अनुसार प्राथमिकता निर्धारण गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणको अवधारणालाई विकास योजनामा मूल प्रवाहीकरण गरिने छ ।
- एकीकृत प्रणाली अपनाइनेछ ।
- कर्मचारीको सुरक्षालाई ध्यान दिइनेछ ।
- एकद्वार नीति र समूहगत अवधारणा अनुरुप कार्य संचालन गरिनेछ ।
- सहभागितात्मक, अन्तरकृयात्मक र समन्वयात्मक कार्यशैली अवलम्बन गरिनेछ ।

## ३. विपद् जोखिमको अवस्था

### ३.१ विगतका विपद्हरुको विश्लेषण

डोटी जिल्लामा मनसुनजन्य विपद्को जोखिमलाई हेर्दा विगतमा घटेका प्रकोपहरूबाट भएको क्षतिको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिका तथा नगरपालिकाको संकटासन्नतालाई स्तरीकरण गरी हेरिएको भएता पनि हाल यसलाई स्थानीय संरचना अनुसार जोखिम नक्शाङ्कन गरी विश्लेषण गरिएको छ । डोटी जिल्लाका शिखर न.पा, दि.सि.न.पा., पूर्वीचौकी गा.पा, के.आई सिं गा.पा., सायल गा.पा., जोरायल गा.पा. बाढी र पहिरोको उच्च जोखिममा रहेका छन् भने आदर्श गा.पा., वोगटान गा.पा. र वडीकेदार गा.पा. मध्यम जोखिममा रहेका छन् । विगतमा घटेका घटनाहरू, त्यसबाट भएको मानवीय तथा भौतिक क्षति र जोखिममा रहेको जनसंख्यालाई स्तरीकरणको आधार मानिएको छ । जोखिमको विश्लेषणका लागि दुई वटा बिधिहरूको प्रयोग गरिएको छ र दुईवटै आधारहरूलाई केलाएर समग्र रुपमा विपद् जोखिमको लेखाजोखा र विश्लेषण गरिएको छ । हालसम्म तयार भएका (पालिका तथा नगर स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना) र स्थानीय विपद तथा जलवायु उत्थानशील योजना अनुसार प्रकोप नक्सांकनका आधारमा विश्लेषण गरिएको हो ।

### ३.२ पालिकागत रूपमा मनसुनजन्य विपद्बाट बढी प्रभावित हुनसक्ने क्षेत्र, घरधुरी र जनसंख्याको आँकलन

यस वर्षको मनसुनमा औसत भन्दा बढी वर्षा हुने र लामो समयसम्म टिक्ने(२०८२ जेठ अन्तिम सातादेखि ऐ. असोजसम्म)अनुमान जल तथा मौसम विज्ञान विभागले गरेको छ। सो अनुमानलाई आधार मान्दा यस जिल्लामा पनिबाढी, पहिरो जस्ता मनसुनजन्य विपद्बाट ठूलो जनधनको क्षति हुनसक्ने आँकलन गर्न सकिन्छ। विशेष गरी सेती नदी तटीय क्षेत्र, अन्य साना गाड, खोलाहरूको तटीय क्षेत्रमा बाढी र कटानको उच्च जोखिम देखिन्छ भने सबै भिरालो बस्तिहरू र जमीन पहिरोको उच्च जोखिममा रहेका छन। विगतका वर्षहरूको क्षतिको विश्लेषण र यस वर्षको मौसम पूर्वानुमानलाई आधार लिंदा डोटी जिल्लामा यस वर्षको मनसुनजन्य विपद्बाट अनुमानित ८०० घरधुरी र ३६०० जनसंख्या प्रभावित हुनसक्ने अनुमान गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| क्र. सं. | नगरपालिका र गाउँपालिकाको नाम | मनसुनजन्य विपद्‌बाट उच्च प्रभावित हुन सक्ने क्षेत्र, घरधुरी र जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | बाढी (सेती नदी र खोलातट) | पहिरो (भिरालो बस्ती क्षेत्र) | घरधुरी | जनसंख्या |
| १ | दिपायल सिलगढी नगरपालिका | दिपायल, दाग, सिरखोलीसैन, घटालीगाउँ, द्वारी, सल्लेनिगाड | गैरा, गोसेडा, पाकरी, उडितोला, कलेना, कोइरेली | १२४ | ६२० |
| २ | शिखर नगरपालिका | समुहगाड, शान्तिनगर, जोरागाउँ, तलकोट, गोपघाट, शिद्धेश्वर, सिमार, सिमखोली | साफरीगाउँ, खातिगाउँ, बोहरागाउँ, बनौली, धामीगाउँ, देकुराली, चामागाउँ, लुम्वाटा | १०७ | ५१० |
| ३ | के. आई. सिंह गाउँपालिका | लोली, भिडखेत, डुम्राकोट, सेलपाखा, देउकाँडा, मटेना, डाडल, भाडागाउँ, काफली, बोतडीसैन, गडीगाउँ,मष्टासैन, रिठाकट्टे, थली,सेती नदी तट | | ८२ | ३८० |
| ४ | वोगटान फुड्सिल गाउँपालिका | धिर्कामाण्डौ, सातफरी, गगुडा, कानाचौर, चवराचौतारा, सिमचौर, केदारअखडा | | ७२ | ३१० |
| ५ | बडीकेदार गाउँपालिका | विपीनगर, देवली, नारायणखेत, खरहर, सिनेरी, कोटकेना,अखोल ढुंगा, जदी, ठूलाखेत, मटेला | कोला, कडवानीगाउँ, सिर्सी, बर्छेन,खार, नानाकोट, जारिमपानी, कापडीगाउँ, मौरी | ७७ | ३५० |
| ६ | आदर्श गाउँपालिका | बाँझरोवा, चाँसी, कोटान्जर, बाहुनकाँडा, झुडा, जालकुले, भुवा, हिन्नेकाँडा, तलारा, गडखेत, बबिना, काँडा, कप्लाना, सेती नदी तट | | ८२ | ३७० |
| ७ | पूर्वीचौकी गाउँपालिका | अघिल्लो वर्षको भूकम्प प्रभावित भिरालो क्षेत्र पहिरोको उच्च जोखिममा रहेको | | ८७ | ३७५ |
| ८ | सायल गाउँपालिका | कुसेना, खानाकोट, पानिखाल, गुरेना, गयतोला, बगडी, बाबनसैन, देउकाट्टे, भुम्क, स्वाडा | | ८२ | ३६५ |
| ९ | जोरायल गाउँपालिका | बडाखेत, कोटेली, लस्कर, पिपलकोट, गणेशाल, खसरे | बस्यानीगाउँ, छतिवन, उल्जे, नवलपुर, कल्मटा, सिर्सीखेत | ८७ | ३७० |
| उच्च प्रभावित हुनसक्ने घरधुरी र जनसंख्या | | | | ८०० | ३६०० |

डोटी जिल्लाका वढी प्रभावित स्थानीय तहहरूलाई आधार मान्दा विगत ५ वर्षमा मनसुनजन्य विपद्‌बाट भएको जनधनको क्षति, बालीनाली, घरसम्पत्ति तथा भौतिक संरचनाको विनास, पशु चौपायाको क्षति, विपद्‌बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध स्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उद्देश्यले जिल्लाका २ नपा र ७ वटा गाउँपालिकाको सहभागितामूलक संकटासन्नता क्षमता विश्लेषण सम्पन्न गरिएको थियो। यसबाट निम्नानुसारको परिस्थिति सृजना हुने अनुमान गरिएको छ ।

- विपद्‌को समयमा सार्वजनिक पूर्वाधारहरूको क्षति हुनाले आवागमन अवरुद्ध हुन सक्ने,
- विपद् प्रभावित स्थानहरूमा सूचना प्रसारण प्रविधिहरू पनि अवरुद्ध हुने भएकोले प्रभावित घरधुरी तथा जनसंख्या लगायत तत्काल क्षतिको विवरण तथा सूचना संकलन कार्यमा कठिनाई हुनेछ जसले गर्दा प्रभावितहरूको प्रारम्भिक विवरण प्राप्त गर्न समेत अप्ठ्यारो पर्ने,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

- राहत उद्धार कार्यमा एकरुपता ल्याउन निकै समस्या हुनेछ । संरक्षण र संकटासन्न वर्गहरूको सेवा तथा स्रोतमाथि पहुँच नभएको अवस्था हुन सक्ने,
- स्वाथ्यकर्मी र स्वयंसेवक परिचालन गर्न समस्या हुनेछ र स्थानीय स्तरमा औषधीहरूको पर्याप्त उपलब्धता नरहने अवस्था हुने,
- खानेपानीका मुहानहरू दुषित बन्ने वा श्रोतहरू भत्कने वा नस्ट हुन सक्ने,
- घरमा भण्डारण गरेको अन्न तथा खेतबारी अन्नबालीको विनासका कारण खाद्यान्नको अभाव रहने र संकट उत्पन्न हुने, अर्को बाली लगाउन बीउको पनि उपलब्धता नरहने परिस्थितिको सृजना हुने,
- स्थानीय सार्वजनिक भवनहरू तथा सेवा प्रदायक निकायहरू प्रभावित हुने र सो समयमा आपराधिक गतिबिधिहरू बढ्न सक्ने,
- पूर्वसूचना प्रणालीमा आधुनिक सामग्रीको उपलब्धता नहुनाले समयमै पूर्वसूचना दिन नसकिने अवस्थाको सृजना हुने,
- आवश्यक मात्रामा खाद्य तथा गैर खाद्य सामग्रीहरूको भण्डारण नहुने हुँदा ती सामग्रीहरूको अभाव हुनसक्ने,
- खाद्य सामग्रीको अभाव हुने हुँदा कुपोषण हुने, बिपद्बाट जनधनको क्षति सहन गर्न नसकि मानसिक समस्या देखिने, लैङ्गिक हिंसामा बृद्धि हुन सक्ने,
- सामना गर्ने संयन्त्रमा अवरोध, सबै समूह तथा वर्गको मानवीय प्रतिकार्यमा पहुँच नहुने वा पहुँच अपर्याप्त हुने ।
- विद्यालयहरू बन्द हुन सक्ने तथा बालबालिकाको शिक्षामा नकारात्मक प्रभाव पर्ने, विद्यालयमा खानेपानी तथा शौचालयको अपर्याप्तता हुने, विद्यालय आश्रयस्थलको रुपमा प्राय प्रयोग हुने हुँदा पठनपाठनमा बाधा हुने, डुवान वा बाढीका कारण विद्यालय बन्द गर्नु पर्ने अवस्था सृजना हुनसक्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## ४. मनसुन पूर्वतयारीतथा प्रतिकार्ययोजना, २०८२

१.खोज, उद्धार तथा समन्वयः जिल्ला प्रशासन कार्यालय, प्रमुख जिल्ला अधिकारी

| सि. नं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो तथा डुवानको जोखिममा रहेका बस्तीहरुको पहिचान गरी पूर्व सूचना दिने र समुदायमा रहेका संचार माध्यमबाट प्रचार प्रसार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | • सुरक्षा निकायहरु<br>• जिल्ला आपकालिन कार्यसञ्चालन केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• स्थानीय आपतकालीन कार्यसञ्चलन केन्द्र | मनसुन शुरु हुन पूर्व समय देखि निरन्तर | |
| २ | भारी उपकरण सहित आवश्यक न्यूनतम उद्धार सामाग्री सहित खोज तथा उद्धार योजना तयारी गर्ने । | सडक डिभिजन कार्यालय, सुरक्षानिकायहरु खोज तथा उद्धारमा संलग्न निकायहरु | • सडक डिभिजन कार्यालय, जि.स.स.,स्थानीय तह मार्फत भारी उपकरणहरु (डोजर, एक्साभेटर, टिपर, ट्रक)<br>• निर्माण व्यवसायी सँघ, एम्बुलेन्स सञ्चालन निकाय | जेष्ठ महिनाभित्र | |
| ३ | मनसुन पूर्वतयारी योजनातर्जुमा गरी वेभसाईटमा राखी NEOC पठाउने । | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय | • जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसँस्था, नेपाल रेडक्रस सोसाइटी | जेष्ठ महिनाभित्र | |
| ४ | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई तयारी अवस्थामा राख्ने । | जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र, DDMC | • NEOC (राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र)<br>• नेपाल रेडक्रस सोसाइटी | निरन्तर | |
| ५ | राहत सामाग्रीहरुको उचित भण्डारण गर्ने तथा जिल्लामा भएको भण्डारणको अनुगमन गरी अध्यावधिक गर्ने । | जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहहरु | • नेपाल रेडक्रस सोसाइटी<br>• सामुदायिक विकास केन्द्र<br>• सामुदायिक विकास मञ्च लगायत | जेष्ठ महिनाभित्र | |
| ६ | जिल्ला विपद व्यवस्थापन राहत कोषमा न्यूनतम रकम राख्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय | निरन्तर | |
| ७ | सुरक्षा निकायहरुलाई तैनाथी अवस्थामा राख्ने । | नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल | • गृह मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | |
| ८ | विपद्को समयमा सुचना व्यवस्थापनमा समन्वय | जिल्ला विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय | मनसुनको | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने र एकद्वार प्रणाली अपनाउने । | | • सुरक्षा निकायहरु<br>• ने.रे.सो. जिल्ला शाखा लगायत विपद् सम्वद्ध संस्थाहरू<br>• नेपाल पत्रकार महासंघ | समयमा | |
| ९ | रेडियो सेट अपडेट गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | • नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल<br>• DEOC (District Emergency Operation Center) जिल्ला आपतकालीन कार्य संचालन केन्द्र<br>• ने.रे.सो. जिल्ला शाखा | निरन्तर | |
| १० | स्थानीय स्वयंसेवकको परिचालन गर्ने । | DDMC/DEOC, स्थानीय विपद् व्यवस्थापन समिति | • ने.रे.सो. जिल्ला शाखा<br>• जिल्ला स्थित सरकारी तथा गैरसरकारी संघसंस्था | निरन्तर | |
| ११ | घटना लगतै र घटना पश्चात द्रुत सर्वेक्षण र सूचना संकलन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/DEOC, स्थानीय विपद् व्यवस्थापन समिति | • नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल<br>• DEOC (District Emergency Operation Center) जिल्ला आपतकालीन कार्य संचालन केन्द्र<br>• ने.रे.सो. जिल्ला शाखा | | |
| **२.राहत, पुनस्थापना, पुनर्लाभः जिल्ला समन्वय समिति, स्थानीय तहहरू** | | | | | |
| १ | मनसुन पूर्व तयारी प्रचार प्रसार अभियान संचालन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./न.पा./गा.पा. | • स्थानीय विपद व्यवस्थापन समिति, स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु, समुदाय स्तरका तालिम प्राप्त स्वयसेवकहरु, जिल्ला स्थित सरकारी तथा गैरसरकारी संघसंस्था | जेष्ठ महिनादेखी निरन्तर | |
| २ | स्थानीयस्तरमा तालीम प्राप्त स्वयंसेवक पहिचान गरी तयारी तथा परिचालन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./न.पा./गा.पा./ने.रे.सो. | • स्थानीय विपद व्यवस्थापन समिति, स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु, समुदाय स्तरका तालिम प्राप्त स्वयसेवकहरु, जिल्ला स्थित सरकारी तथा गैरसरकारी संघसंस्था | निरन्तर | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | न्यूनतम बन्दोबस्तीका सामाग्रीहरु व्यवस्थापन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./न.पा./गा.पा. | • स्थानीय विपद व्यवस्थापन समिति, स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु, समुदाय स्तरका तालिम प्राप्त स्वयसेवकहरु, जिल्ला स्थित सरकारी तथा गैरसरकारी संघसंस्था | जेष्ठ महिनाभित्र | |
| **३.अस्थाई आवास तथा गैह्रखाद्य सामाग्री व्यवस्थापनः स्थानीय तह, सम्बद्ध सरकारी तथा गैरसरकारी निकायहरू** | | | | | |
| १ | जिल्लामा विपद् जोखिम क्षेत्रको पहिचान गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./स्थानीय विपद् व्यवस्थापन समिति | • सुरक्षा निकायहरु, स्थानीय निकायहरु, नेपाल रेडक्रससोसाईटी, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था | जेष्ठ महिनाभित्र | |
| २ | अस्थायी आवास योजनाको लागि सुरक्षित स्थानको पहिचान तथा अद्यावधिक गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./ स्थानीय विपद् व्यवस्थापन समिति | • स्थानीय तह सबै,<br>• जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु<br>• जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था | जेष्ठ महिनाभित्र | |
| ३ | आपतकालीन अवस्थामा अस्थायी आवास निर्माणका लागि प्राविधिक सहयोग गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./ स्थानीय विपद् व्यवस्थापन समिति | • शहरी विकास तथा भवन डिभिजन कार्यालय, दिपायल, डोटी<br>• नेपाल रेडक्रससोसाईटी लगायत सम्वद्ध गैससहरू | निरन्तर | |
| ४ | अस्पताल, विद्यालय, सुरक्षा निकाय तथा मानविय आवश्यकताका सामाग्री भण्डारणका लागि क्याम्प व्यवस्था गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./न.पा./गा.पा. | • सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाईटी लगायत सम्वद्ध गैससहरू | आवश्यकता बमोजिम | |
| ५ | तत्काल राहत वितरणका लागि गैह्रखाद्य सामाग्री व्यवस्थापन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./न.पा./गा.पा. | • जिल्ला विपद् व्यवस्थापन, संघसंस्थाहरु, क्षेत्रगत सदस्यहरु | जेष्ठ महिनाभित्र | |
| ६ | अस्थायी आवास व्यवस्थापनका लागि सरोकारवाला निकायमा सहजीकरण, सहयोग गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति/जि.स.स./न.पा./गा.पा. | • स्थानीय विपद व्यवस्थापन समिति, बन डिभिजन कार्यालय, शहरी विकास तथा भवन डिभिजन कार्यालय, दिपायल, डोटी<br>• स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु स्थानीय विपद व्यवस्थापन | निरन्तर | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समिति, समुदायस्तरका तालिम प्राप्त स्वयंसेवकहरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था | | |
| **४.स्वास्थ्य तथा पोषणः स्वास्थ्य कार्यालय, स्थानीय तहका स्वास्थ्य सेवाशाखा** | | | | | |
| १ | Rapid Response Team | स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल | • डाक्टरः २, स्वास्थ्यकर्मी १, ल्याव १, नर्स १ | निरन्तर | |
| २ | सरुवा रोग फैलन नदिन तयारी अवस्थामा रहने तथा सतर्कता अपनाउने । | स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल | • स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य संस्था | निरन्तर | |
| ३ | अत्यावश्यक औषधी तथा औषधीजन्य सामाग्री व्यवस्थापन (बफर स्टक राखिएको) | स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल | • स्थानीय स्वास्थ्य संस्था, स्थानीय तहहरु | जेष्ठ महिनाभित्र | |
| ४ | एम्बुलेन्स व्यवस्थापन | जिल्ला अस्पताल, रेडक्रस सोसाइटी, स्थानीय तहहरु | • एम्बुलेन्स सेवा अद्यावधिक र वैकल्पिक तयारी | निरन्तर | |
| ५ | खाद्य सामाग्रीको मौज्दात विवरण अध्यावधिक गर्ने र विपद्को समयका लागि स्टक राख्ने । | जि.स.स./न.पा./गा.पा. | • उ.बा. संघ, चेम्बर अफ कमर्स | जेष्ठ महिनाभित्र | |
| **५.संरक्षणः महिला बालवालिका तथा सामाजिक विकासशाखा (स्थानीय तह)** | | | | | |
| १ | मनसुनबाट हुनसक्ने महिलावालवालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको संरक्षणको लागि क्लष्टर बैठक बसी पूर्वतयारी योजना निर्माण गर्ने । | स्थानीय तहका महिला बालवालिका तथा सामाजिक विकास शाखा | • Cluster Member, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था | जेष्ठको पहिलो हप्ता भित्र | |
| २ | Dignity Kit, Children Kit तयारी अवस्थामा राख्ने र स्थानीय तहबाट वितरण गर्ने । | स्थानीय तहका महिला बालवालिका तथा सामाजिक विकास शाखा | • Cluster Member, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था | जेष्ठको पहिलो हप्ता भित्र | |
| ३ | परिवारबाट विछोडिएका, अभिभावक गुमाउन सक्ने बालवालिकाका लागि तत्काल राहत तथा बन्दोबस्ती उपलब्ध गराउन सक्ने गरी रकमको व्यवस्था गर्ने । | स्थानीय तहका महिला बालवालिका तथा सामाजिक विकास शाखा | • Cluster Member, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था | जेष्ठको पहिलो हप्ता भित्र | |
| **६.खानेपानी, स्वच्छता तथा सरसफाईः खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र खानेपानी उपभोक्ता संघ/संस्थाहरू** | | | | | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा सुरक्षित खानेपानीका लागि आवश्यक व्यवस्थापन गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, खानेपानी उपभोक्ता समितिहरु | • स्थानीय तहहरु, गैससहरू | नियमित | |
| २ | आपतकालीन अवस्थामा अस्थायी शौचालय निर्माणका लागि प्राविधिक सहयोग गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, श.वि. तथा भवन डि.का. | • स्थानीय तहहरु, गैससहरू | विपद पश्चात | |
| ३ | बैकल्पीक खानेपानी श्रोतको पहिचान गर्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | • जि.स.स., स्थानीय तहहरु | जेष्ठ महिनाभित्र | |
| ४ | अस्पताल, विद्यालय, सुरक्षा निकाय तथा मानविय आवास क्षेत्रमा WASH KIT व्यवस्था गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | • Cluster Member, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था | जेष्ठ महिनाभित्र | |
| **७.विद्युत तथा सञ्चार : डोटी वितरण केन्द्र दिपायल, डोटी/नेपाल टेलीकम सिलगढी, डोटी र नेपाल टेलीकम राजपुर दिपायल, डोटी** | | | | | |
| १ | विद्युत अवरुद्ध भएमा तुरुन्त आवश्यक व्यवस्था गर्ने | डोटी वितरण केन्द्र दिपायल, डोटी<br>डोटी वितरण केन्द्र सिलगढी, डोटी | • डोटी वितरण केन्द्र दिपायल, डोटी<br>• डोटी वितरण केन्द्र सिलगढी, डोटी | निरन्तर | |
| २ | विपदको समयमा सञ्चार अवरुद्ध भएमा तुरुन्त व्यवस्थापन गर्ने । | नेपाल टेलीकम राजपुर दिपायल, डोटी<br>नेपाल टेलीकम सिलगढी डोटी | • नेपाल टेलीकम राजपुर दिपायल, डोटी ।<br>• नेपाल टेलीकम सिलगढी, डोटी । | निरन्तर | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी


सन्दर्भ सामग्रीहरू

१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन, २०६७ (पहिलो संशोधन २०७६)

२. जिल्ला विपद् पूर्वचयारी तथा प्रतिकार्य योजना, २०८१

३. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

४. राष्ट्रिय जनगणना, २०७८

५. स्थानीय तहहरुबाट प्राप्त विवरण


प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

## अनुसूचीहरू

### अनुसूची १

### स्थानीय तह तथा विपद् सम्बद्ध निकायहरूसँग मौज्दात खोज, उद्धार तथा राहत सामग्री, आपतकालीन कोष र जनशक्तिको विवरण

| क.सं. | नगरपालिका र गाउँपालिकाको नाम | विपद् पूर्वतयारी संशाधन | | | |
|---|---|---|---|---|---|
| | | गैर खाद्य राहत सामग्री | उद्धारमा खटिन सक्ने जनशक्ति | विपद् कोषमा मौज्दात रकम | उद्धारमा प्रयोग हुने साधन |
| १ | दिपायल सिलगढी नगरपालिका | त्रिपाल ४५, कम्बल ९०, टेन्ट १ थान, स्टेचर, आसी १५/१५ वटा, वाल्टिन, हेल्मेट, हेडलाईट ३०/३० वटा, गैटी ३० वटा, वेल्चा, हाते आरी,घन, प्राथमिक उपचार किट, लाईव ज्याकेट, बन्चरो २०/२० वटा, | ६० | १९,९३,०००।०० | दमकल, एम्बुलेन्स, जेसिवि १/१ वटा, ट्र्याक्टर २ वटा, बस ३ वटा |
| २ | शिखर नगरपालिका | लाइफ ज्याकेट १२, वाल्टिन १८ वटा,लाईव ज्याकेट/हेल्मेट १२/१२ वटा,ग्लोभ्स,ग्याम्वुट,सिट्ठी १०/१० | १४४ | ११,४६,४४३।०० | एम्बुलेन्स, जेसिवि, ट्रिपर १/१ वटा, वटा,आगो निभाउने यन्त्र १४ वटा |
| ३ | के. आई. सिंह गाउँपालिका | त्रिपाल ३०, स्लिपिङ ब्याग ५ थान, गैटी/फरुवा,सावेल १०/१० थान, पन्जा ७ जोर, गमबुट, रेनकोट ५/५ जोर | २ | २२,००,००।०० | एम्बुलेन्स, जेसिवि, ट्रिपर, ट्रयाक्टर १/१ वटा, रुख कटर १ थान, आगो निभाउने यन्त्र ८ थान, |
| ४ | वोगटान फुड्सिल गाउँपालिका | टेन्ट १२, स्लिपिङ ब्याग २२ थान | ४० | ३७,००,०००।०० | एम्बुलेन्स २, जेसिवि १ वटा,रुख कटर १ थान,सावेल १० वटा, हेल्मेट २५ वटा, मास्क १२ वटा, ग्लोभ्स |
| ५ | बडीकेदार गाउँपालिका | त्रिपाल१० वटा, बेल्चा २५ वटा, गैटी २५ | १२ | १५,००,०००।०० | एम्बुलेन्स, जेसिवि, ट्र्याक्टर १/१ वटा |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जोर्टी

| | | | | | |
|---|---|---|---|---|---|
| | | [illegible]टी, फाउडो २५ वटा | | | |
| ६ | आदर्श गाउँपालिका | बेल्चा ५ थान, गैटी ५ थान, त्रिपाल ५० थान,बाल्टिन ५ पिस ५ पिस, बुट ५ जोर | १०० | ३०,१७,०००।०० | एम्बुलेन्स, जेसिवि, ट्रिपर, ट्रयाक्टर १/१ वटा |
| ७ | पूर्वीचौकी गाउँपालिका | स्टेचर २५ वटा,प्राथमिक उपचार किट ५ वटा,बुट ५ वटा | २ | २१,००,०००।०० | एम्बुलेन्स, एक्साभेटर१/१ वटा,आगो निभाउने यन्त्र ४ वटा, |
| ८ | सायल गाउँपालिका | त्रिपाल ७५, न्यानो कम्बल ७५ आगो निभाउने यन्त्र २० वटा, बाल्टी २० वटा | ६० | ९,००,०००।०० | एम्बुलेन्स, जेसिवि १/१ वटा |
| ९ | जोरायल गाउँपालिका | त्रिपाल ४६, कम्बल ४७ थान, स्टेचर ११ वटा, सावेल ५ वटा, बेल्चा ८ वटा,हेल्मेट ४६ वटा गैटी ८ वटा, आगो निभाउने यन्त्र ४ वटा लाईव ज्याकेट ३१ वटा | ६ | १९,००,०००।०० | एम्बुलेन्स २ वटा |
| १० | DDMC र सुरक्षा निकाय | ५० थान त्रिपाल। | ३५० जना | ३५८०५१५।०० | जेसिबि, एक्साभेटर, ट्रिपर/बुडर, भतकाँडा, कुलपाते |
| ११ | रेडक्रस | ५० सेट | १०० जना | | उद्धारका विभिन्न सामग्री |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

अनुसूची २

## स्थानीय तह तथा विपद् सम्बद्ध निकायहरूका विपद् सम्पर्क व्यक्तिहरूको सम्पर्क नम्बर

### डोटी जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरुको सम्पर्क नं.

| क्र.नं. | स्थानीय निकाय | पदाधिकारीको नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति | लक्ष्मण बहादुर सिंह | प्रमुख | ९८४८४२७९३३ |
| | | स्मृति चुनारा | उप-प्रमुख | ९८६९९१४६७२ |
| २ | दिपायल सिलगढी न.पा | बाजी सिंह खड्का | मेयर | ९८४८४३७४२१ |
| | | कलावती महर साउद | उप-मेयर | ९८६९४४३०३६ |
| ३ | शिखर न.पा. | दिर्घ बहादुर बलायर | मेयर | ९८५८४२००२१ |
| | | सुनिता रावल जोरा | उप-मेयर | ९८५८४२००७२ |
| ४ | के.आई.सिंह गा.पा | लोकन्द्र बहादुर शाही | अध्यक्ष | ९८४८४३४०४५ |
| | | मिना विष्ट | उपाध्यक्ष | ९७४९०२२०२४ |
| ५ | बोगटान फुड्सिल गा.पा. | कमल बहादुर गडसिला | अध्यक्ष | ९८६८५६९६९७ |
| | | विष्णा देवी वम | उपाध्यक्ष | ९८४८४०८४७० |
| ६ | बडिकेदार गा.पा. | भैरव बहादुर साउँद | अध्यक्ष | ९८६८७६८८३१ |
| | | डम्मरी कुमारी विष्ट | उपाध्यक्ष | ९८६६६४४६३७ |
| ७ | सायल गा.पा. | धर्मराज जोशी | अध्यक्ष | ९८४८४६२२४२ |
| | | निर्मला बोहरा वली | उपाध्यक्ष | ९८६८७६४८९८ |
| ८ | जोरायल गापा. | दुर्गा दत्त ओझा | अध्यक्ष | ९८४८४७८९८८ |
| | | जमुना बोहरा | उपाध्यक्ष | ९८४८४१८४७९ |
| ९ | आदर्श गा.पा | गणेश बहादुर खड्का | अध्यक्ष | ९८४८४७८७५० |
| | | लक्ष्मी धामी रोकाया | उपाध्यक्ष | ९८४८७८६०५३ |
| १० | पूर्वीचौकी गा.पा. | रामप्रसाद उपाध्याय | अध्यक्ष | ९८५८४४०२२२ |
| | | पशुपति खड्का | उपाध्यक्ष | ९८४८४०६९३२ |

### जिल्ला स्थित नगरपालिका र गाउँपालिकाहरुको विपद् सम्पर्क व्यक्तिहरुको विवरण ।

| क्र.सं. | स्थानीयतहको नाम | विपद् Focal person को नाम | सम्पर्कनं. |
|---|---|---|---|
| १ | दिपायल सिलगढी नगरपालिका | रमेश चन्द्र जोशी | ९८४८६०११४ |
| २ | शिखर नगरपालिका | कृष्ण बहादुर कठायत | ९८६५६२६७०० |
| ३ | पूर्विचौकीगाउँपालिका | लक्षमण बहादुर खड्का | ९८४३७४०४१४ |
| ४ | आदर्शगाउँपालिका | गणेशराज ओझा | ९८४८४७९१६० |
| ५ | के.आई सिंहगा.पा | कमल बहादुर हमाल | ९८४८४५९४५० |
| ६ | सायलगा.पा. | मदन बहादुर खड्का | ९८४८५४९०४६ |
| ७ | जोरायल गा.पा. | सुरेश बहादुर चन्द | ९८४८८४३५८२ |
| ८ | बोगटान फूड्सिल गा.पा. | नवराज जोशी | ९८५८४९१६२५ |
| ९ | बडिकेदार गा.पा. | चक्र बहादुर कलेल | ९८४८६२७९५४ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

अनुसूची ३

## जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायका प्रमुखहरूको सम्पर्क नम्बर

| सि.नं. | कार्यालयकोनाम | का.प्र.को नाम | पद | कार्यालयको टेलिफोन नं. | मोवाईल नं. | कार्यालयको E-Mail | कार्यालयको फ्याक्स नं. | कार्यालय रहेको स्थान |
|---|---|---|---|---|---|---|---|---|
| संघ अन्तरगतका कार्यालयहरु: | | | | | | | | |
| १ | जिल्लाअदालत, डोटी | रुद्रमणि गिरी | जि.न्या. | ४२०१३० | | infodcdoti@dcourt.gov.np<br>info.dcdoti@supremecourt.gov.np | | सिलगढी |
| २ | जिल्लाप्रशासन कार्यालय | मोहनराज जोशी | प्र.जि.अ. | ४२०१३३ | 9858437777, | dao.doti68@gmail.com | ४११२११ | " |
| ३ | भैरवप्रसाद गण | परिक्षित देउजा | प्र.से | ४११९०० | 9841299670, | bn-bhairavprasad@nepalarmy.mil.np<br>bhairabprasad1937@gmail.com | | " |
| ४ | जिल्लाप्रहरी कार्यालय | विनोद शर्मा | प्र.उ. | ४२००९९ | 9858435555, | dpodoti@gmail.com<br>dpodoti_opr@nepalpolice.gov.np | | " |
| ५ | शसस्त्रप्रहरी बल, नेपाल नं. ३६ गण हेक्वा डोटी | सुधिर सुवेदी | सशस्त्रप्र.उ. | ४१२२५४ | 9851272054, | btnhqdotin36@gmail.com,<br>doti_n36btn@apf.gov.np | | जोगीडाव्रे दिपायल |
| ६ | राष्ट्रियअनुसन्धान जिल्ला कार्यालय | महेशप्रसाद अवस्थी | प्र.अ.अ. | ४२००१८ | 9858484999, | niddoti420018@gmail.com | 420018 | सिलगढी |
| ७ | नेपालीसेना श्री नं. ५ वाहिनी अड्डा राजपुर | पुरन घले | वाहिनीपति | | | bde05@nepalarmy.mail.np | | |
| ८ | ट्राफिककार्यालय डोटी | सुरज बहादुर खड्का | स.ई. | | 9865719045, | trafficdipayal407@gmail.com | | |
| ९ | जिल्ला सरकारी वकिल कार्यालय | ईश्वर दत्त जोशी | जि.न्या. | ४२००७० | 9858442220, | dotiattorney@gmail.com | | |
| १० | को.ले.नि.कार्यालय | शेर बहादुर बिष्ट | प्र.को.नि. | ४११०७७ | 9858490390, | kolenikadoti@gmail.com | ४११०७७ | " |
| ११ | निर्वाचनकार्यालय | लक्ष्मीराज उपाध्याय | का.प्र. | ४११०४३ | 9843756653,<br>9858420083, | ec.deo.doti@gmail.com<br>deo.doti@gmail.com | | |

प्रमुख जिल्ला अधिकारी

| सि.नं. | कार्यालयकोनाम | का.प्र.को नाम | पद | कार्यालयको टेलिफोन नं. | मोबाईल नं. | कार्यालयको E-Mail | कार्यालयको फ्याक्स नं. | कार्यालय रहेको स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १२ | कारागारकार्यालय | लाल बहादुर बोगटी | जेलर | ४१११८२, | 9858432777, | karagar.doti@gmail.com | | " |
